जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १३४ | २०७८ साल पुस ८ गते बिहीबार (23 Dec. 2021 Thursday) | मूल्य रु. ५/-

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विभेदकारी ऐन सच्याउन... ३ पृष्ठमा : माओवादीले राष्ट्रिय सम्मेलनमार्फत ... ३ पृष्ठमाचीनद्वारा अफगानिस्तानलाई ...

# ट्राफिक प्रहरीले मनपरी ढंगले दुःख दिने गुनासो बढ्यो





**नवीनकुमार गुप्ता**
**राजविराज, ७ पुस ।**

नेपाल प्रहरीले 'मुस्कानसहितको प्रहरी सेवा' सुरु गरेको वर्षौं भइसक्दा पनि अझैं कार्यान्वयनमा आएको छैन् । 'मुस्कानसहितको प्रहरी सेवा' मात्रै होइन्, नेपाल प्रहरीले 'प्रहरी मेरो साथी' लगायतका नारा पनि नागरिकमैत्री बन्नैका लागि ल्याएको हो । तर, ती सबै नाराहरु नेपाल प्रहरी मातहतमै रहेको ट्राफिक प्रहरीले कागजमै सीमित राखेको गुनासो बढ्न थालेको छ ।

प्रहरीलाई नागरिकमैत्री बनाउनका लागि दिइएको ती नाराहरुलाई मनन् गर्दै सर्वसाधारणप्रति उत्तरदायित्व बहन गर्नु पर्नेमा सप्तरी सदरमुकाम राजविराजमा ट्राफिक प्रहरीले मनपरी ढंगले दुःख दिने गरेको गुनासो बढ्न थालेको हो ।

घटना हो, बुधबार बिहान करिब ९ बजेको । राजविराज-रुपनी सडक खण्डमा ट्राफिक प्रहरीले आफ्नो नियमित चेकजाँचलाई औपचारिकता दिइरहेका थिए । मोटरसाइकल चालकलाई रोकेर आवश्यक कागजातहरु माग गर्दै नभएकाहरुलाई जरिवाना काट्न लागिपरेको थियो । यसैबीच बच्चाहरुलाई स्कुल पुऱ्याउन हिडेका एक स्थानियहलाई राजविराज ट्राफिक प्रहरीका सई बिनोद कुमार साहले मोटरसाइकल रोकी लाइसेन्स र ब्लुबुक माग गरे । बच्चाहरुलाई विद्यालय पुऱ्याउन हतार भइरहेको बेला ती यूवकले भने, "स्कुल पुऱ्याउन ढिलो भइरहेको छ, स्कुल पुऱ्याएर आएर पुनः कागजातहरु दिन्छु ।" तर असई साहले भने, "लाइसेन्स र ब्लुबुक दिनुस् ।" त्यसपछि लाइसेन्स नविकरणको रसिद दिएपछि त्यो मान्य नहुने भन्दै असई साहले त्यसलाई प्रमाणित हुने अर्को कागजात देखाउन आग्रह गरेपछि ती यूवकले नविकरण फेल भएको लाइसेन्स देखाए । यसको अर्थ यातायात विभागले नविकरणका लागि दिएको रसिदको मान्यता नहुने प्रष्ट भएको छ ।

यस्तै अर्को घटना केही दिन अघि मात्र राजविराजस्थित रुपनी मोडमा भएको छ । त्यहा एक महिला ट्राफिक प्रहरीले एक मोटरसाइकल चालकलाई आफ्नो जुत्ता खोलेर हिर्काउन लागेको भिडियो सामाजिक संजालमा निकै भाइरल भएपछि ट्राफिक प्रहरीको आक्रमक व्यवहार पुष्टि भएको छ । जस्तोसुकै अवस्थामा बादविवाद भएपनि कुनै पनि सरोकारवाला निकायका कर्मचारी त्यसमा पनि ट्राफिक प्रहरीले सार्वजनिक रुपमा जुत्ता हिर्काउनु कतै पनि जायज नरहेको स्थानियहरु बताउछन् । यो घटनाले एउटा गम्भिर प्रश्न उब्जाएको छ भने ट्राफिकप्रतिको

*बाँकी अन्तिम पृष्ठमा*

# वैशाख २० गते स्थानीय तहको निर्वाचन गर्ने तयारी

बनेपा, ७ पुस (रासस) ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले अहिलेको जनप्रतिनिधिको पाँचवर्षे अवधि पूरा हुँदै गरेका कारण आगामी २०७९ साल वैशाख २० गते ७५३ वटै स्थानीय तहको निर्वाचन गर्ने तयारीमा आयोग जुटिरहेको बताउनुभएको छ ।

स्थानीय सरकार रिक्त रहने विषय कल्पनासमेत गर्न नसकिने र उहाँहरुको अवधि थप गर्ने व्यवस्था अहिलेको मितिसम्म नभएका कारण वैशाखभित्र नै तोकिएको समयमा निर्वाचन गर्न आयोग गम्भीर रहेको उहाँले बताउनुभयो ।

छिट्टै नै स्थानीय तहको निर्वाचनको मिति तय गर्नका निम्ति

*बाँकी अन्तिम पृष्ठमा*

# ब्राउन सुगरसहित दुई भारतीय नागरिक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

सप्तरी प्रहरीले प्रतिबन्धित खैरो हेरोइन (ब्राउन सुगर) सहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको सिपौल जिल्ला भीमनगर ग्राम पंचायत वडा ४ वस्ने ३१ वर्षिय गोलु भन्ने रतन शर्मा र ३५ वर्षिय जय प्रकाश पासवान छन ।

प्रहरीले उनीहरुको साथबाट २२ ग्राम खैरो हिरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

पूर्वबाट पश्चिमतर्फ आउदै गरेको बि.आर ५० आर २४९६ नम्बरको भारतीय मोटरसाइकललाई कंचनरुप नगरपालिका २ स्थित पुर्व पश्चिम लोकमार्गमा चेक गर्दा उक्त परिमाणको ब्राउन सुगर फेला परेको डिएसपी काफ्लेले बताए ।

कालो प्लास्टीकमा बेरेर राखिएको ब्राउन सुगरसहित पक्राउ परेका दुबै जनालाई नियन्त्रणमा राखी लागु औषध नियन्त्रण एन अन्तरगत कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। सोमवार पक्राउ परेका उनीहरुलाई आवश्यक अनुसन्धान पश्चात बुधवार जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको हो ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# महोत्तरीमा विद्यालय केन्द्रित खोप दिन सुरु

महोत्तरी, ७ पुस (रासस) ।

यहाँका सामुदायिक विद्यालयका छात्रछात्रालाई कोभिड-१९ विरुद्धको मोर्डना खोप दिन थालिएको छ । बुधबार जिल्लाका सात स्थानीय तहका सबै सामुदायिक विद्यालयमा १२ देखि १८ वर्ष उमेर समूहका छात्रछात्रालाई खोप दिन थालिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

विद्यालय खोप केन्द्रमा उमेर समूहभित्रपर्ने सर्वसाधारणले पनि खोप पाउने छन् । दुई चरणमा सञ्चालन गरिने खोप अभियानको पहिलो चरणमा सात र दोस्रोचरणमा आठ स्थानीय तह समेटिएका छन् । बुधबार सुरु भएको पहिलो चरणमा जिल्लाका बर्दिबास, गौशाला, भङ्गाहा, रामगोपालपुर र औरही नगरपालिका एवं सम्सी तथा सोनामा गाउँपालिकाका सामुदायिक विद्यालय खोप केन्द्र हुनेछन् । पहिलो चरणमा बुधबारदेखि पुस ११ गतेसम्म सञ्चालन हुनेछ ।

कोभिड-१९ महाव्याधिको नयाँ भेरियन्ट 'ओमिक्रोन' देखिएसँगै यसपालि विद्यालयका छात्रछात्रालाई लक्षित गरी जिल्लाभरिमा दुई चरणमा खोप लगाउने तयारी थालिएको स्वास्थ्य कार्यालयले जनाएको हो । यसपटक मोर्डना खोप लगाईदै गरिएको कार्यालयका निमित्त प्रमुख भोला यादवले जानकारी दिनुभयो । खोपको दोस्रोचरण पुस १४ देखि १८ गतेसम्म सञ्चालन गरिने छ । यस चरणमा जिल्लाका जलेश्वर, लोहारपट्टी, मटिहानी, मनरासिस्वा र बलवा नगरपालिका एवं एकडारा, पिपरा तथा महोत्तरी गाउँपालिकासहित आठ स्थानीय तहका सामुदायिक विद्यालय खोप केन्द्र हुनेछन् ।

"हामीलाई ८५ हजार मात्रा खोप प्राप्त भएको छ, जिल्लामा १२ देखि १८ वर्ष उमेर समूहभित्रका ८० हजार ५०० लाई खोप दिने लक्ष्य छ", निमित्त कार्यालय प्रमुख यादवले भन्नुभयो, "दुवै चरणका खोप कार्यक्रम प्रभावकारी बनाउन आवश्यक दक्ष जनशक्ति विन्यास गरेका छौं ।" यस अभियानका लागि  खोप केन्द्रको निर्धारण, औषधि (खोप) को व्यवस्थापन, जनशक्ति विन्यास र नियमित अनुगमन सँगसँगै गरिने यादवको भनाइ छ ।

विद्यालय केन्द्रित यो अभियानमा कोही छात्रछात्रा नछुटुन् भन्नेतर्फ विद्यालय प्रशासन र आम अभिभावकको चासो तथा सचेतना आवश्यक रहेको स्वास्थ्य कार्यालयको अपिल छ । खोप केन्द्रमा तोकिएको उमेर समूह (१२-१८ वर्ष) का आम सर्वसाधारणले पनि खोप लिन पाउने छन् । जिल्लाको ६५ प्रतिशत जनसङ्ख्याले यसअघि नै कोभिड-१९ विरुद्धका विभिन्न खोप लगाइसकेको कार्यालयले जनाएको छ ।

# न्याय सेवा आयोगको बैठक स्थगित

काठमाडौँ, ७ पुस (रासस) ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले बुधबार जिल्ला न्यायाधीशको लिखित परीक्षाको नजिता प्रकाशनका सम्बन्धमा बोलाउनुभएको न्याय सेवा आयोगको बैठक स्थगित भएको छ । आयोगको बुधबार अपराह्न ३ बजे बस्ने भनिएको बैठकमा लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी उपत्यका बाहिर रहनुभएको हुनाले बैठक स्थगित भएको हो । उहाँ आयोगमा सदस्य हुनुहुन्छ ।

न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीले बुधबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा लोक सेवा आयोगका अध्यक्ष उपत्यका बाहिर रहनुभएको र बैठकमा उपस्थित हुन नसक्ने भएकाले बैठक स्थगित गर्नुपरेको उल्लेख छ । उक्त आयोगमा प्रधानन्यायाधीश अध्यक्ष रहने व्यवस्था छ भने सदस्यमा कानून न्याय तथा संसदीय मामिलामन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश, महान्यायाधिवक्ता र लोकसेवा आयोगका अध्यक्ष रहने कानूनी व्यवस्था छ ।

आयोगले २०७८ साउन १९ गते आन्तरिक, महिला, खुला, आदिवासी जनजाति र मधेसी गरी १८ जिल्ला न्यायाधीशको विज्ञापन गरेको थियो । लोकसेवा आयोगले लिएको उक्त परीक्षाको लिखित परिणामपछि मौखिक अन्तर्वार्तासमेत लिनुपर्ने भएकाले परिषद्को बैठक बोलाइएको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विभेदकारी ऐन सच्याउन माग

काठमाडौँ, ७ पुस (रासस) ।

कानुनका जानकारहरुले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि विद्यमान ३४५ ऐनमध्ये ५९ ऐनमा विभेदकारी व्यवस्था भएको तथ्य प्रस्तुत गरेका छन् ।

कोशिश राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठनले आयोजना गरेको कार्यक्रममा उहाँहरुले कानुनको विभेदकारी व्यवस्था र सामाजिक अवस्थाले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले थप पीडा भोग्नुपरेको धारणा व्यक्त गर्नुभएको थियो । सङ्गठनले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले भोगिरहेका विद्यमान विभेद्कारी कानुनसम्बन्धी वृतचित्र प्रदर्शनी गर्नुका साथै छलफल कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा सङ्घीय संसद्को कानुन, न्याय तथा मानवाधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले मनोसामाजिक अपाङ्गताको समस्या जुनसुकै व्यक्तिलाई हुनसक्ने जनाउँदै मनोसामाजिक अपाङ्गतामाथिको भेद्भाव मानवताविरुद्धको अपराधको भएको उल्लेख गर्नुभयो ।

साथै उहाँले नेपालको संविधान जारी भएपछि संसद्ले निर्माण गरेका कानुन मनोसामाजिक अपाङ्गतामाथि भेद्भाव नहुने गरी बनाइएको स्पष्ट पार्दै भेद्भाव रहेका विद्यमान कानुन संशोधनका लागि तत्काल सरकारलाई निर्देशन दिने बताउनुभयो ।

संसद्कै राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति निरादेवी जैसुले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिमाथि भेद्भाव हुने कानुन संशोधनका लागि समितिले प्रतिबद्ध रहेको बताउनुभयो । संसद्कै राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापाले मनोसामाजिक अपाङ्गता व्यक्तिमाथिको भेद्भाव संवेदनशील र सबैको सरोकारको विषय भएकाले कानुन बनाउदा आगामी दिनमा यसतर्फ ध्यान केन्द्रित गर्ने बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीले नेपालको संविधानमा रहेका नागरिक अधिकार व्यवस्था, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रिसङ्घीय महासन्धी र ऐनका विभेद्कारी व्यवस्थाबारे प्रस्तुति दिनुभएको थियो ।

उहाँका अनुसार विद्यमान ३४५ ऐन र २८८ नियमावलीमध्ये ६९ ऐन र १२ नियमावलीमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि विभेद्कारी प्रावधान छन् । जसले उनीहरुलाई विभिन्न अधिकारको उपभोग गर्नबाट बन्देज गरेको छ ।

साथै नागरिक, आर्थिक र राजनीति अधिकार हनन् हुनुका साथै अपमानजनक शब्दावलीको प्रयोग गरिएको आरोप छ । कोशिस संस्थाको पहलमा हालै विभेद्कारी कानुनी तथा अपमानजनक शब्दावलीको खारेजी वा संशोधन र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको मतदानको अधिकारसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा दायर गरिएको छ ।

कोशिसका कार्यकारी निर्देशक मातृकाप्रसाद देवकोटाले मनोसामाजिक अपाङ्गता सम्बन्धमा समाजले अझै पनि स्वीकार्न नसकेको तथ्य सुनाउँदै त्यस्ता व्यक्तिमाथि गरिने भेद्भावले जीवनभरी कलङ्कका रुपमा सहनुपर्ने बाध्यता र आत्महत्या समेत बढ्ने गरेको उल्लेख गर्नुभयो ।

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या र सचेतना, अभिमुखिकरण, स्फूर्ति स्मरण शक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्यसम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति मानसिक वा मनोसामाजिक अपाङ्गता हो ।

# कम आय भएका परिवारका बालबालिका विकासको लयबाट टाढिने उच्च जोखिम

काठमाडौँ, ७ पुस (रासस) ।

ग्रामीण क्षेत्रका कम आए भएका परिवारका बालबालिका विकासको लयबाट टाढिने उच्च जोखिम रहेको एक अध्ययनले देखाएको छ । उक्त अध्ययनले बालबालिकाको स्वास्थ्य, सिकाइ र मनोसामाजिक अवस्थासमेतमा असर पारेको उल्लेख गरेको छ ।

कोभिड-१९ महामारीले नेपालका बालबालिकामा परेको असर बारे बालबालिकाको क्षेत्रमा काम गर्दै आएको अन्तरराष्ट्रिय संस्था युनिसेफले गरेको एक सर्वेक्षणमा उक्त तथ्य फेला परेको हो । अध्ययनले उनीहरुको विकास र सिकाइमा रहेको असमानतालाई झन् जटिल बनाएको औँल्याएको छ । हालै सार्वजनिक अध्ययन प्रतिवेदनमा भनिएको छ, 'ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिका, कम आय भएका परिवारका बालबालिका, अशिक्षित वा न्यून शिक्षास्तर भएका हेरचाहकर्ताको रेखदेखमा रहेका बालबालिका तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी नभएका बालबालिका विकासको लयबाट टाढिने उच्च जोखिममा छन् ।' प्राप्त विवरणअनुसार हरेक पाँचमध्ये एक बालबालिका विकासका लयभन्दा बाहिर छन् ।

उक्त प्रारम्भिक बाल विकास सूचकाङ्क सर्वेक्षण दुईदेखि चार वर्ष उमेर समूहका बालबालिकामा गएको अगस्टमा गरिएको थियो । बालबालिकाको विकासको आवश्यकता र स्थिति बुझ्नका लागि राष्ट्रव्यापीरूपमा यो सर्वेक्षण गरिएको थियो । बालबालिका भएका दुई हजार ८५३ घरधुरीमा सर्वेक्षण भएको जनाइएको छ । फोनमा आधारित उक्त सर्वेक्षणले महामारीले निजी कार्यक्रममा भाग लिनेको तुलनामा सरकारी प्रारम्भिक बाल शिक्षामा भाग लिने बालबालिका विकासको लयभन्दा बाहिर हुने अधिक जोखिममा रहेको उल्लेख छ ।

हेरचाहकर्तासँग किताब पढ्ने, कथा सुनाउने, गीत गाउने, घुम्न जाने, वस्तुको नाम भन्ने, गन्ने, वा चित्र कोर्ने जस्ता बालबालिकाको चेतनालाई प्रस्फुटित गर्ने खालका प्रारम्भिक क्रियाकलाप उनीहरूको विकास र सिकाइको लागि महत्वपूर्ण भएको पाइएको छ । यद्यपि,पूर्व-महामारी अवस्थाको तुलनामा अभिभावकको सङ्लग्नतामा कमी आएको देखाएको छ । गएको अगस्टमा निषेधाज्ञा खुकुलो भएको तर मानिसको जीवन प्रभावित रहेको समयमा ३१ प्रतिशत बालबालिका घरका प्रारम्भिक क्रियाकलापमा सङ्लग्न भएका थिए । सन् २०१९ मा ७३ प्रतिशत बालबालिका त्यस्ता क्रियाकलापमा सहभागि भएको पाइएको छ ।

अक्टोबर महिनामा गरिएको थप सर्वेक्षणअनुसार कडा निषेधाज्ञाबाट सामान्य अवस्थामा फर्केसँगै आमाको सङ्लग्नतामा सुधार भएको तर सामाजिक मानक कायम राख्दै बुबाको अभिभावकत्वको सङ्लग्नता भने न्यून (छ प्रतिशत) मात्र देखिएको छ । सर्वेक्षण गरिएकामध्ये आधा जति बालबालिका पूर्वप्राथमिक तहमा भर्ना भएको पाइएको छ । यद्यपि, विद्यालय बन्द हुँदा ३४ प्रतिशत बालबालिका वैकल्पिक विधिको सिकाइमा सङ्लग्न भएका थिएनन् । धेरै जसो बालबालिकाको घरमै ट्यूशनमा पहुँच थियो । अनलाइन कक्षा, मोबाइल फोनबाट हुने शिक्षण, रेडियो, टिभी, दूर शिक्षणजस्ता सरकारको आपतकालीन कार्ययोजनाद्वारा निर्दिष्ट गरेका वैकल्पिक सिकाइ माध्यम कम प्रयोग भएका पाइएको उल्लेख छ ।

रेडियो, टिभी र टेलिफोनमा आधारित शिक्षण सिकाइजस्ता न्यून-प्रविधिसहितका समान पनि कम मात्रै प्रयोग भएको पाइएको छ । अनलाइन कक्षाजस्ता उच्च-प्रविधिसहितका समान निजी प्रारम्भिक बाल शिक्षामा भाग लिने बालबालिकाबीच मात्र प्रयोगमा आयो । कम-प्रविधिसहितका समान र उच्च-प्रविधिसहितका समानको असमान पहुँचले गर्दा निजी प्रारम्भिक बाल शिक्षा र अन्य बालबालिका बीचको विकासात्मक अन्तर देखिनसक्ने औँल्याईएको छ ।

## गुणस्तर बढाउन सस्तो छ सुझाव

सबै बालबालिकाले आफ्नो विकासका सम्भावना महसुस गर्न र थप सिक्नका लागि तयार हुने कुरा सुनिश्चित गर्न, सर्वेक्षणको नतिजाको आधारमा, युनिसेफले सरकार, विकास साझेदार, शिक्षक, अभिभावक र अन्य सरोकारवालाका लागि केही सुझावसमेत प्रस्तुत गरेको छ । उपचारात्मक सिकाइका लागि प्रभावकारी हस्तक्षेपमार्फत विकासको लयभन्दा बाहिर हुने उच्च जोखिममा रहेका बालबालिकालाई लक्षित गर्न सुझाव दिएको छ । यस्तै ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिका, कम आय भएका परिवारका बालबालिका, अशिक्षित वा न्यून शिक्षास्तर भएका हेरचाहकर्ताको रेखरदेखमा रहेका बालबालिका र प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी नभएका बालबालिका वा सरकारी सहयोगमा चलेका प्रारम्भिक बाल शिक्षा कार्यक्रममा भाग लिने बालबालिकालाई विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याइएको छ ।

घर र विद्यालयमा सिकाइलाई सक्षम बनाउन प्रयोगकर्तामैत्री मूल्याङ्कन तथा पढाइ सिकाइ निर्देशिकामार्फत प्रत्येक बालबालिकाको व्यक्तिगत विकास र सिकाइस्तर बुझ्न शिक्षक र अभिभावकलाई सहयोग पुग्ने प्रणालीको विकास गर्न समेत सुझाव दिइएको छ । विद्यालय बन्द हुने समयमा राष्ट्रिय आपतकालिन कार्ययोजनामा तोकिएका वैकल्पिक सिकाइ माध्यम प्रयोगमा परिवारलाई सङ्लग्न गराउन तथा आमाबाबु र हेरचाहकर्ताले घरमा बालबालिकाको सिकाइलाई सहयोग गर्न चाहिने निरन्तर प्रोत्साहन र मार्गदर्शन पाउने गरी, बुवाको सङ्लग्नतामा ध्यान केन्द्रित गर्न भनेको छ । यसका लागि गर्भधारणको अवस्थाबाट नै सुरु हुने गरी बहु-क्षेत्रीय सहकार्यमार्फत अभिभावक शिक्षालाई सुदृढ बनाउन सुझाव दिइएको छ ।

अभिभावकले बालमैत्री पुस्तक पढ्ने, कथा सुनाउने, गीत गाउने, बालबालिकालाई घुमाउन लैजाने, उनीहरूसँग खेल्ने, वस्तुको नामकरण गर्ने, चिजहरू गन्ने वा सँगै चित्र कोर्ने जस्ता गतिविधि गरेर बालबालिकाको चेतनालाई प्रस्फुटित गर्ने खालका प्रारम्भिक क्रियाकलाप वृद्धि गर्नुपर्ने आवश्यकता अध्ययनले औँल्याएको छ ।

# शिक्षा पत्रकार समाजको प्रदेश कमिटी विस्तार

जनकपुर, ७ पुस (रासस) ।

शिक्षा पत्रकार समाज प्रदेश नं २ को मंगलबार जनकपुरमा सम्पन्न 'मधेसमा शिक्षाका मुद्दा र सञ्चार क्षेत्रका प्राथमिकता' विषयक कार्यशालाका अवसरमा आयोजित भेलाले बाह्रखरी डटकमका सुरेश यादव (धनुषा)को संयोजकत्वमा समाजको ११ सदस्यीय प्रदेश कमिटी विस्तार गरिएको छ ।

सो कमिटीको सहसंयोजकमा ग्यालेक्सी फोरके टेलिभिजनका विश्वनाथ ठाकुर (सर्लाही) तथा सदस्यहरुमा ब्रम्हास्त्र दैनिकका त्रिलोकीनाथ यादव (पर्सा), फरिछ नेपाल डटकमका शम्भु यादव (

*बाँकी तीन पृष्ठमा*

# माओवादीले राष्ट्रिय सम्मेलनमार्फत नयाँ क्रान्तिकारी विचार र पार्टी निर्माण गर्ने

काठमाडौँ, ७ पुस (रासस)।
नेकपा (माओवादी केन्द्र) ले पार्टीको प्रथम राष्ट्रिय सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। पार्टी हेडक्वार्टर पेरिसडाँडामा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता कृष्णबहादुर महराले राजनीतिक, वैचारिक र प्राविधिक तयारी पूरा भएको जानकारी दिनुभयो।

चिनियाँ क्रान्तिका नायक माओको जन्मजयन्तीको सन्दर्भ पारेर माओवादीले यही पुस ११ देखि १३ सम्म राष्ट्रिय सम्मेलन आयोजना गर्नेभएको छ। माओ दिवस यही पुस ११ गते परेको छ। राष्ट्रिय सम्मेलन राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा हुनेछ।

प्रवक्ता महराले नयाँ क्रान्तिकारी विचार र पार्टी निर्माणका लागि सम्पूर्ण पार्टी पङ्क्तिलाई त्यसतर्फ निर्देशित गर्ने उद्देश्यका लागि अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक प्रतिवेदन लेख्दै गर्नुभएको जानकारी दिनुभयो। अध्यक्ष दाहालको राजनीतिक प्रतिवेदन स्थायी समिति बैठकले अनुमोदन गरेपछि मात्र राष्ट्रिय सम्मेलनमा पेश हुनेछ। महाधिवेशन र राष्ट्रिय सम्मेलन फरक हुने भन्दै उहाँले राष्ट्रिय सम्मेलनले विचार र पार्टी निर्माण गर्ने बताउनुभयो।

"नयाँ क्रान्तिकारी विचार र पार्टी निर्माण गर्ने राष्ट्रिय सम्मेलनको मुख्य उद्देश्य हो, २१औँ शताब्दीसम्म आइपुग्दा धेरै परिवर्तन भएका छन्", उहाँले भन्नुभयो, "विश्व साम्राज्यवादले लिएको नयाँ रुपलाई परास्त गर्न नयाँ क्रान्तिकारी विचार र पार्टीको आवश्यकता छ।" सम्मेलनमा पार्टीको राजनीतिक वैचारिक अवस्थाका बारेमा गम्भीर ढंगले समीक्षा हुने उहाँले बताउनुभयो। "सामन्तवादको अवशेष उखेलेर फाल्ने ढंगबाट माओवादीको नेतृत्वमा जनयुद्ध भयो, २०६४ सालको निर्वाचनमा आम जनताको विश्वास जितेको पार्टी अहिले यो अवस्थामा आइपुगेको छ", उहाँले भन्नुभयो, "हिजो हामी कसरी बलियो भयौँ, बुधबार किन कमजोर भयौँ भनेर समीक्षा हुनेछ।"

सम्मेलनमार्फत फरक ढंगबाट पार्टी निर्माण गर्ने संकल्प लिइने उहाँले बताउनुभयो। क्रातिको नयाँ कार्यभार तथा नेपाली जनताको आकांक्षा पूरा गर्न नयाँ पार्टीको आवश्यकता रहेको भन्दै उहाँले सम्मेलनले त्यसतर्फ अविचलितरुपमा लाग्ने पार्टी निर्माण गर्ने बताउनुभयो।

**एक हजार ५०० प्रतिनिधि सहभागी**

सम्मेलनमा एक हजार ५०० बढी प्रतिनिधिको सहभागिता हुनेछ। सम्मेलनमा प्रदेश प्रतिनिधि ८०३, केन्द्रीय प्रतिनिधि २७, केन्द्रीय विभागबाट १०२, आयोगबाट ७५, ज्येष्ठ कम्युनिष्ट मञ्चबाट १२५, केन्द्रीय सल्लाहकारबाट १४९ र आयोजक समितिका तर्फबाट १७९ प्रतिनिधि सहभागी हुनेछन्। त्यसमा जनयुद्धका घाइते, अपाङ्गता भएका, पूर्वजनमुक्ति सेनाबाट पाँच प्रतिशत मनोनित गरिनेछ।

माओवादीले राष्ट्रिय सम्मेलनको तयारीस्वरुप यसअघि सेल, टोल, वडा, शाखा, महाशाखा, पालिका र प्रदेश सम्मेलन सम्पन्न गरिसकेको छ।

**सम्मेलनको लोगो सार्वजनिक**

पत्रकार सम्मेलनमार्फत माओवादीको प्रथम राष्ट्रिय सम्मेलनको लोगो सार्वजनिक गरिएको छ। लोगोमा 'नयाँ क्रान्तिकारी विचार र पार्टी निर्माणका लागि ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन' नारा लेखिएको छ। लोगोभित्र विश्व कम्युनिष्ट आन्दोलनका अग्रज नेताको प्रतीक राखिएको छ। यस्तै पार्टीको झण्डा र निर्वाचन चिह्न राखिएको छ।

# चार महिनामा १५० मेगावाटको विद्युत् लोड स्वीकृति, २१० मेगावाटको जिआइएस हुँदै

काठमाडौँ, ७ पुस (रासस)।
सरकारको सकारात्मक प्रयास र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको दौडाहका कारण देशभित्रै थप १५० मेगावाट बराबरको बिजुली खपत हुने वातावरण सिर्जना भएको छ। प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार चालू आवको पहिलो चार महिनामा १० उद्योगलाई विद्युत् आपूर्तिका लागि करिब १५०.५ मेगावाटको लोड स्वीकृत गरिएको छ।

सात वटा उद्योगलाई करिब १११ मेगावाट क्षमता बराबरको विद्युत् उपलब्ध गराउन ग्रिड प्रभाव अध्ययन गरिएको छ। यस्तै पाँच वटा उद्योगले माग गरेको करिब ९८.८ मेगावाटको जिआइएसको प्रक्रियामा रहेको छ। लोड स्वीकृत, जिआइएस सम्पन्न र प्रक्रियामा रहेको मागका आधारमा उद्योगमा थप करिब ३६० मेगावाट विद्युत् खपत हुने देखिएको छ। थप विद्युत्को माग गर्नेमा अधिकांश स्टिल र सिमेन्ट उद्योग छन्। थप बिजुली उपलब्ध गराउन माग गर्नुको पछाडि उत्पादनको वृद्धिका साथ साथै रोजगारीका थप अवसरसमेत उपलब्ध हुने अवस्था सिर्जना भएको छ।

प्राधिकरणका अनुसार यसबीचमा आरती स्ट्रिप्स लिमिटेडलाई आठ मेगावाट, स्वस्तिक रोलिङ मिल्स प्रालि १२ मेगावाट, हुलास वायर इन्डस्ट्रिज प्रालि तीन मेगावाट, अशोक स्टिल्स प्रालि १० मेगावाट, नारायणी इस्पात ६.५, नारायणी स्ट्रिप्स नौ मेगावाट, मारुती सिमेन्ट दुई मेगावाट, हवासिन सिमेन्ट नारायणी प्रालि २५ मेगावाट, देउराली जनता फर्मास्युटिकल दुई मेगावाट, माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना आठ मेगावाट, होङ्शी सिमेन्ट ६० मेगावाट र अर्घाखाँची सिमेन्टलाई पाँच मेगावाट गरी कूल १५०.५ मेगावाट बराबरको थप बिजुलीको लोड स्वीकृत गरिएको छ।

जिआइएस सम्पन्न उद्योगमा मारुती सिमेन्टले १२.५ मेगावाट, हुलास वायर इन्डस्ट्रिजले १५ मेगावाट, स्वस्तिक रोलिङ मिल्सले छ मेगावाट, जगदम्बा इन्टरप्राइजेजले २८.२ मेगावाट, अम्बे स्टिल्सले आठ मेगावाट, नारायणी स्पातले १० मेगावाट, प्रिमियर स्टिलले ३२ मेगावाट रहेको छ। ती उद्योगले कूल १११.७ मेगावाट बराबरको बिजुली खपत गर्नेछन्। त्यस्तै जिआइएस प्रक्रियाका उद्योगमा सर्वोत्तम स्टिल्स प्रालिले २५ मेगावाट, लक्ष्मी स्टिल प्रालिले २५ मेगावाट, लक्ष्मी स्टिल प्रालिले २५ मेगावाट, गोयल स्पातले १३ मेगावाट, घोराही सिमेन्ट इन्डस्ट्रिजले ३० मेगावाट र जगदम्बा इन्टरप्राइजेजले १५.८ मेगावाट बराबर रहेको छ। ती उद्योगले कूल ९८.८ मेगावाट बराबरको बिजुली खपत गर्नेछन्।

जिआइएसमार्फत लोड स्वीकृत गर्नुभन्दा पहिला उद्योग क्षेत्रमा रहेका प्रसारण तथा प्रणाली सञ्जालको क्षमताले मागबमोजिम विद्युत् उपलब्ध गराउन सकिने/नसकिने अवस्थाको निर्क्यौल गरिन्छ। जिआइएस सकिएपछि लोड दिनसक्ने अवस्था भएमा प्राधिकरण र सम्बन्धित उद्योगबीच ग्रिड कनेक्सन सम्झौता गरी लोड दिइन्छ। आन्तरिकरुपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीतिअनुसार प्राधिकरणले नयाँ तथा थप लोडका लागि आवेदन माग गरेको छ। लोड माग गर्ने ग्राहकलाई यथाशीघ्र लोड स्वीकृत गरी विद्युत सेवा उपलब्ध गराउन समयसीमा सहितको प्रक्रिया निर्धारण गरिएको छ।

ठूलो परिमाणमा विद्युत् माग गर्ने ग्राहकलाई ११, ३३, ६६ र १३२ केभी प्रसारण लाइनबाट लोड लिनका लागि नियमअनुसार गर्नुपर्ने जिआइएसलाई व्यवस्थित र शीघ्र गर्न समयसीमा सहितको प्रक्रिया लागू गरिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले लोड स्वीकृति भएका उद्योगमध्ये केहीले विद्युत् आपूर्ति लिएको र केही लिने प्रक्रियामा रहेको जानकारी दिनुभयो। अहिलेको माग देशमा उत्पादित विद्युत् यहीभित्र खपत गर्न उत्साहजनक रहेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गर्नुभयो।

"औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ, लोड स्वीकृति भएका उद्योगलाई प्रसारण तथा वितरण प्रणालीले धानेसम्म तत्कालै विद्युत् उपलब्ध गराएका छौँ। केहीले लोड स्वीकृत गराएर आफ्ना संरचना बनाइरहेका छन्, त्यस्ता उद्योग सञ्चालनमा आउनु पहिले नै विद्युत् दिने गरी लाइन तथा सबस्टेशनको विस्तार र सुदृढीकरण गरिरहेकाछौँ", घिसिङले भन्नुभयो।

"आफैँले प्रमुख औद्योगिक करिडोरमा सञ्चालित उद्योगको भ्रमण गरी त्यहाँको विद्युत् आपूर्तिको अवस्था र आगामी दिनमा चाहिने लोडको जानकारी लिएको छु। योसँगै उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिकरुपमै खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजनाअन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम भइरहेको छ", उहाँले भन्नुभयो।

प्राधिकरणको विद्युत् खपत बढाउने अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिट्टो सम्पन्न गर्ने रहेको छ। दीर्घकालीन योजनाअन्तर्गत विद्युत् खपत बढ्नसक्ने सम्भावित ठाउँहरुको पहिचाहन गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेसन निर्माण सुरु गर्ने प्राधिकरणको योजना छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले उद्योगले मागे जति बिजुली उपलब्ध गराउन प्राधिकरणलाई स्पष्ट निर्देशन दिनुभएको छ। औद्योगिक क्षमताको वृद्धिका अलावा रोजगारीका अवसरको वृद्धिका लागि पनि उद्योगलाई मागेजति बिजुली दिनुपर्ने उहाँको भनाइ छ। मन्त्री भुसाल प्राधिरकण सञ्चालक समितिको अध्यक्षसमेत हुनुहुन्छ।

प्राधिकरणले थप विद्युत् आवश्यकपर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिनसमेत आग्रह गरिरहेको छ। मुख्यरुपमा औद्योगिक करिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि बृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ।

*शिक्षा पत्रकार ...*

सिरहा), बाह्रखरी डटकमका कमलेश ठाकुर (धनुषा), रेडियो सुनगाभाका सुभद्रा भुजेल (महोत्तरी), सर्लाही अपडेट दैनिकका वन्दना झा (सर्लाही), राससका उत्तम उपाध्याय (रौतहट), गढीन्युज डटकमका पवन यादव (रौतहट) र भोजपुरी टाइम्स दैनिकका प्रभु यादव (बारा) रहनुभएको छ।

समाजका केन्द्रीय अध्यक्ष प्रकाश सिलवालको उपस्थितिमा भएको भेलाले शैक्षिक सुधारका लागि पत्रकारिता क्षेत्रबाट योगदान दिन सशक्तरुपमा काम गर्नुपर्ने जोड दिइएको छ।

## विश्व समाचार

### चीनद्वारा अफगानिस्तानलाई मानवीय सहायता सामग्री

काबुल, ७ पुस (रासस/सिन्ह्वा)।
चीनले अफगानिस्तानलाई पठाएको मानवीय सहायतासम्बन्धी सामग्री मङ्गलबार अफगानिस्तानको राजधानी काबुलमा एक कार्यक्रम गरी हस्तान्तरण गरिएको छ। चीनको रेडक्रस संस्थाले सो सामग्री पठाएको थियो। ती सामग्री अफगानिस्तानको रेड क्रिसेन्टलाई हस्तान्तरण गरिएको हो। काबुलमा मङ्गलबार आयोजना गरिएको एक कार्यक्रममा ती सामग्री चीनको रेडक्रस सोसाइटीले अफगानिस्तानको रेड क्रिसेन्ट सोसइटीलाई हस्तान्तरण गरेको हो। त्यस अवसरमा अफगानिस्तानका लागि चिनियाँ राजदूतको पनि सहभागिता रहेको थियो।

ती सामग्री चिसो मौसमका लागि भन्दै चीनले यस्ता सामग्री पठाएको हो। यी सामग्री लिएर उत्तरी चीनको होग्रोस बन्दरगाहबाट सोमबार एक रेलमार्फत् अफगानिस्तान पठाइएको हो। अफगानिस्तानका लागि करिब एक हजार ५०० टन सामग्री पठाइएको चिनियाँ अधिकारीले जनाएका छन्। ती अधिकारीका अनुसार चीनले विगतदेखि अफगानिस्तानलाई सहयोग गर्दै आएको छ।

यी सामग्रीमा खाद्यान्न र लत्ता कपडा रहेका छन्। जाडो मौसमका लागि जाडो कपडा पठाइएको छ भने केही आधारभूत औषधि पनि त्यहाँ पठाइएको समाचारमा जनाइएको छ। चीनले गएको जुन महिनाको अन्त्यदेखि नियमितरूपमा अफगानिस्तानलाई सहयोग सामग्री पठाएको छ। चिनियाँ अधिकारीले त्यसयता अफगानिस्तानका लागि विभिन्न समयमा गरी यस्ता सामग्री पठाएको जनाएको छ। अफगानिस्तानका तालिबानले सशस्त्र विद्रोह गरेर यहाँको सरकारलाई विस्थापित गरेका थिए। त्यसयता यहाँका नागरिकलाई मानवीय सहयताको आवश्यकता परेको बताइएको छ।

### मलेसियामा बाढीबाट १७ को मृत्यु, ७० हजार जना विस्थापित

क्वालालम्पुर, ७ पुस (रासस/सिन्ह्वा)।
मलेसियामा हालै आएको बाढीबाट कम्तीमा पनि १७ जनाको ज्यान गएको छ। सो बाढीमा परी अरु ७० हजार जना विस्थापित भएका बताइएको छ। हालै मलेसियामा आएको बाढीले धेरै नागरिक प्रभावित भएका समाचारमा उल्लेख गरिएको छ। मंगलबार यहाँ नौको ज्यान गएको बताइएको हो। बाढीमा परी हराइरहेका उनीहरुको शव भेटिएको यहाँका उद्धारसम्बन्धी अधिकारीले जानकारी दिएका छन्। यहाँका सात राज्यमा नै बाढीले क्षति पुऱ्याएको छ। बाढीका कारण यहाँका आधारभूत सेवामा पनि क्षति पुगेको बताइएको छ।

### म्यानमारमा पहिरो, कम्तीमा एकको मृत्यु, ७० बेपत्ता

याङ्गुन, ७ पुस (रासस/एएफपी)।
म्यानमारमा पहिरोमा परी कम्तीमा एक जनाको मृत्यु भएको छ भने अरु ७० जना बेपत्ता भएका छन्। सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पहिरोमा परी बेपत्ता भएकाको अहिले धमाधम खोजी कार्य भइरहेको छ। चीनसँगको सिमानामा पर्ने देशको उत्तरी क्षेत्रमा आएको पहिरोमा परी मृत्यु भएका र बेपत्ता भएका मध्ये सबै जसो मजदूर रहेको जनाइएको छ।

बेपत्ता भएका काम गरिरहेको एउटा खानीमा पहिरो गएको बताइएको छ। उनीहरु त्यहाँ न्युन ज्यालामा काम गरेका थिए। सो खानीबाट वार्षिक दशौँ लाख डलर बराबरको उत्पादन तथा निर्यात हुने गरेको अधिकारीले जनाएका छन्। "घटनामा परी ७० देखि १०० जनासम्म बेपत्ता भएका हुनसक्छन", उद्धारकार्यमा खटिएका एक जनाले बताएका छन्

स्थानीय समयानुसार मङ्गलबार विहान ०४ बजेतिर पहिरो गएको पनि अधिकारीले जानकारी दिएका छन्। "हामीले घटनास्थलबाट जीवितै उद्धार गरेर २५ जनालाई अस्पताल पठाएका छौँ भने एक जनाको शव भेटिएको छ", उहाँले भन्नुभयो। घटनास्थलमा बेपत्ता भएकाको खोजी तथा उद्धारका लागि झण्डै २०० जना परिचालित भएको पनि उहाँले जानकारी दिनुभयो। खोजी तथा उद्धारमा खटिएकाले डुङ्गालगायतका सामग्रीहरुको प्रयोग गरेका छन्।

### भारतमा ओमिक्रोनबाट २१३ जना संक्रमित

नयाँदिल्ली, ७ पुस (रासस/एएनआई)।
कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोनबाट भारतमा २१३ सङ्क्रमित भएका छन्। ओमिक्रोनबाट सङ्क्रमित भएका दैनिकरुपमा थपिदै गएर अहिलेसम्म २१३ पुगेको अधिकारीले बुधबार जानकारी दिएका छन्। तीमध्ये सबैभन्दा धेरै दिल्लीमा रहेका छन्। दिल्लीमा मात्रै ५७ जना ओमिक्रोनबाट सङ्क्रमित भएका छन्। दिल्लीपछि धेरै महाराष्ट्रमा ५४ र तेलङ्गनामा २४ सङ्क्रमित भएको अधिकारीले जनाएका छन्। उनीहरुका अनुसार पछिल्लो एक दिनमा कोरोनाभाइरसबाट भने छ हजार ३१७ सङ्क्रमित भएका छन्। त्यसैगरी अरु ३१८ को कोरोनाभाइरसकै कारण मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। देशभरी अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या ७८ हजार १९० पुगेको छ। यो सङ्ख्या ५७५ दिन पछिकै सबैभन्दा कम हो।

# नागरिक्ता नभएकाहरुलाई पनि मतदानमा भाग लिने व्यवस्था मिलाउन नेसपाको माग



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

नेपाल सदभावना पार्टीले नागरिक्ता नभएकाहरुलाई पनि मतदानमा भाग लिने व्यवस्था मिलाउन माग गरेको छ ।

बुधवार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा पार्टीका राष्ट्रिय अध्यक्ष राम कुमार महतोले सो माग गर्दै नागरिक्ता लिन योग्य रहेर पनि लाखौ जनता अझै नागरिक्ता विहीन रहेको जिकिर गरे । उनले मत खसाल्ने अधिकारबाट समेत बञ्चित गर्नु जनता माथी थप अन्याय हुने बताए ।

उनले आगामी निर्वाचन भन्दा पहिले संविधान संशसोधन गरी जनसंख्याका आधारमा निर्वाचन क्षेत्रको टुंगो लगाउनु पर्ने माग पनि गरे । जनसंख्याको आधारमा निर्वाचन क्षेत्र सहि तरिकाले निर्धारण गरेमात्र मधेशको सन्तुष्टीलाई सम्बोधन गर्न सकिने उनको भनाई थियो ।

मधेशको अधिकारका लागी आपुहरु जस्तो सुकै पनि आन्दोलन गर्न तत्पर रहेको भन्दै उनले आफूहरुले उठाएका माग बारे सरकारले गम्भीरताका साथ विचार गर्नु पर्नेमा जोड दिए ।

अध्यक्ष महतोले रसायनिक मल, विउ, विजन सिचाई लगायतको पर्याप्त व्यवस्था गरी किसानलाई राहत पुर्‍याउन सरकारसंग माग समेत गरे ।

पत्रकार सम्मेलनमा पार्टीका केन्द्रिय नेता दशरथ यादव, संजय कुमार महतो, जिवछ यादव, बरिष्ठ सल्लाहाकार महिदेव चौधरी लगायतले पनि बोल्दै मधेशका माग पुरा गर्न सरकारले गम्भीरतापूर्वक सोच्नु पर्नेमा जोड दिए ।

# सदायको हत्यामा संलग्न रहेको आरोपमा पाँच जना पक्राउ



**दैनिक समाचारदाता**
**सिरहा, ७ पुस ।**

सिरहाको गोलबजार नगरपालिका ६ डोहटिया छुरा प्रहारबाट हत्या घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

सदायको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले स्थानीय २२ वर्षिय भुवन प्रसाद महतो, १९ वर्षिय श्रवण कुमार मण्डल, २० वर्षिय कालु भन्ने रोहन विश्वकर्मा, १८ वर्षिय सौकात खान र १९ वर्षिय धर्मेन्द्र यादवलाई लुकिछिपी बसेको अवस्थामा विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये २ जना गोलबजार र ३ जनालाई धनगढीमाई नपा जयपुरमा आफन्तको घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहालका सूचना अधिकारी सुवास बुढाथोकीले जनकारी दिए ।

पक्राउ परेकाहरुलाई बुधबारै कर्तव्य ज्यान मुद्दामा सिरहा जिल्ला अदालतबाट ५ दिनको म्याद लिई थप अनुसन्धान तथा घटनामा संलग्न अन्य व्यक्तिहरुको खोजी कार्य भई रहेका छन् ।

गत शनिबार राति बाटोमा होहल्ला गर्दै आफ्नो घरतर्फ जाँदै गरेका रामप्रसाद सदालगायतको समूहलाई दीपक साहलगायतको समूहले किन होहल्ला गरेको, हल्ला नगरी आफ्नो घर जानु भने पश्चात् सोही विषयमा दुवै पक्षबीच विवाद भई झगडा हुँदा उक्त घटना भएको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताए ।

छुरा प्रहारबाट गम्भीर घाइते भएका रामकुमार सदाको उपचारको क्रममा गोलबजारस्थित भूमिजा अस्पतालमा मृत्यु भएको थियो । रिकेश सदाको भने हाल सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनापश्चात् आक्रोशित मृतकका आफन्त तथा स्थानीयले राजमार्ग अवरुद्ध पार्नुको साथै बजार, पसलसमेत बन्द गराएका थिए ।

# कांग्रेस प्रदेश २ मा पाँच सदस्य निर्विरोध

जनकपुर, ७ पुस (रासस) ।

धनुषाको जनकपुरधाममा जारी नेपाली कांग्रेस प्रदेश २ को अधिवेशनमा पाँचजना सदस्य निर्विरोध निर्वाचित भएका छन् । जिल्ला र समावेशी सूची अन्तर्गतको निर्धारित कोटामा एक/एक जनाको मात्र उम्मेद्वारी परेकाले पाँचजना सदस्य पदमा निर्विरोध निर्वाचित भएको प्रदेश निर्वाचन समितिले जनाएको छ ।

निर्विरोध हुनेमा जिल्लाबाट प्रदेश सदस्य खुल्लामा सप्तरीका आशाराम चौधरी, महिला सदस्यमा सप्तरीकी बिमलादेवी साह, महोत्तरीकी उषा देवकोटा र पर्साकी किरणकुमारी शर्मा निर्विरोध भएको निर्वाचन समितिका संयोजक प्रह्लाद गौतमले जानकारी दिनुभयो ।

त्यस्तै प्रदेश सदस्य आदिवासी जनजातिबाट मनमाया तामाङ निर्विरोध भएको निर्वाचन संयोजक गौतमले बताउनुभयो । प्रदेश सभापति, उपसभापति, महामन्त्री र सहमहामन्त्रीलगायत बाँकी पदका लागि बुधबार दिउँसो २:३० बजेपछि मतदान हुने जनाइएको छ । अन्तिम नामावली प्रकाशन भएपछि अहिले मतपत्र छपाउने काम भइरहेको र त्यो सकिएपछि मतदान सुरु हुने निर्वाचन समिति संयोजक गौतमले बताउनुभयो ।

पार्टीको प्रदेश २ को नयाँ नेतृत्वका लागि कांग्रेस रौतहटका सभापति कृष्णा यादव र प्रदेश-२ संसदीय दलका नेता रामसरोज यादवबीच प्रतिस्पर्धा हुँदैछ ।

प्रदेश समितिको विभिन्न ७२ पदका लागि १७४ जनाको उम्मेदवारी परेको छ । जसमध्ये ६ जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएको निर्वाचन समितिले जनाएको छ । प्रदेश २ का ८ जिल्लाको ३२ सङ्घीय निर्वाचन क्षेत्र र ६४ प्रदेश निर्वाचन क्षेत्र समेत गरी दुई हजार मतदाता रहेको जनाइएको छ ।

# प्रधानमन्त्री राष्ट्रिय प्रतियोगितामा प्रदेश २ बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

धनगढीमा जारी प्रधानमन्त्री कप टि-ट्वान्टी राष्ट्रिय प्रतियोगितामा प्रदेश २ ले जित हात पारेको छ ।

बुधवार फाप्ला क्रिकेट मैदानमा सम्पन्न खेलमा प्रदेश २ ले गण्डकीलाई ७ बिकेट पराजित गरेको हो ।

टस जितेर गण्डकी प्रदेशले १७ ओभरमा सबै बिकेट गुमाई ३९ रन मै सिमित रहे । जसमा अन्जली बिश्वास १५ रन बाहेक कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेन भने बाकी अतिरक्त १३ रन भएका थिए ।

बलिङतर्फ प्रदेश २ का संतोषी चौधरी ३, अनुराधा चौधरी २ तथा रोजी कडारी र सरस्वती चौधरी १/१ बिकेट हात पारेकी थिइन् ।

जवाफमा ४० रनको लक्ष्य लिएर मैदानमा ओर्लेका प्रदेश २ ले १० ओभर ३ बल खेल्दै ३ बिकेटको क्षतिमा बिजयी हात पारेको थियो । टिमलाई जिताउन साना प्रविणले १३ रन जोडेकी थिइन् भने अर्का खेलाडी अनुराधा चौधरीले १२ रन जोडेकी थिइन् ।

खेलको प्लेयर अफ दि म्याच बिजय टिमकी अनुराधा चौधरी घोषित भएको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले जानकारी दिए ।

### ट्राफिक प्रहरीले ...

विश्वास गुमेको सर्वसाधारणको बुझाइ छ ।

यता एउटा पत्रकारले ट्राफिक प्रहरीले मोटरसाइकल चेकजाच गर्दै गरेको कुरालाई संचारमाध्यमबाट उजागर गर्न खोज्दा सोही चेकजाचका क्रममा ट्राफिक प्रहरीका सई मोहनलाल चौधरीले असभ्य भाषाको प्रयोग गर्दै फोटो खिच्न नपाइने भन्दै पत्रकारमाथि जाई लागेका थिए । उनले दृश्य खिच्न अनुमति चाहिने भन्दै अडान दोहोराए । तर, कुनै पनि सार्वजनिक स्थलमा हुने गतिविधीलाई संचारकर्मीले समाचार प्रयोजनका लागि सहजै रुपमा तस्बिर खिच्न पाउने मान्यता रहेको छ । तर, सो कार्यमा अवरोध सिर्जना गर्नु ट्राफिक प्रहरीको नियत नै गलत देखिएको नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सह-सहचिव चन्दन कुमार यादवले बताए । 'प्रहरीले सार्वजनिक स्थलमा नियमित काम कारवाही गरिरहदा पत्रकारले पनि आफ्नो नियमित कामकाज गर्न पाउनुपर्छ तर त्यसमा अवरोध खडा गर्नु सरासर गलत हो' उनले भने-'अविलम्ब ट्राफिक प्रहरीले यस्ता कार्यमा सुधार गर्नु जरुरी छ ।'

ट्राफिक प्रहरीको सई जस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले आफ्नो आचारण, व्यवहार र बोली सुधार्नु आवश्यक रहेको सह-सचिव यादवको कथन छ । यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लेले घटना बारे बुझ्ने कार्य भइरहेको प्रतिक्रिया दिदै, "हामीलाई पनि ट्राफिक प्रहरीका धेरै गुनासोहरु आइरहेको छ, ती गुनासोहरु बारे आवश्यक कुरा बुझ्नका लागि ट्राफिक इन्चार्जसँग समन्वय गर्दैछौं ।"

### वैशाख २० गते ...

सरकारसमक्ष सिफारिस गर्ने आयोगले तयारी गरिरहेको उहाँको भनाइ छ । त्यसपछि २०७९ फागुनभित्र सबै प्रदेशको प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रपति, उपराष्ट्रपति पदको निर्वाचन सम्पन्न गरेर नयाँ जनप्रतिनिधि तथा नयाँ नेतृत्व सुम्पने कार्यमा आयोग प्रवेश गरिसकेको उल्लेख गर्दै त्यसका लागि निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययीरुपमा कार्य गर्न आयोगलाई सहयोग गर्न सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।


**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*